# गर्भवती र सुत्केरी अवस्थामा ज्यान जोखिममा परेका महिलालाई हवाई उद्धार गर्ने सम्बन्धि कार्यबिधि, २०७५

गर्भवती र सुत्केरी अवस्थामा ज्यान जोखिममा परेका महिलालाई हवाई उद्धार गरी ज्यान बचाउन श्रोत साधन सम्पन्न अस्पतालमा पुर्याई उचित स्वास्थ्य सेवा प्रदान गर्न बाञ्छनीय भएकाले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन,२०७५ को दफा ३ बमोजिम सुदूरपश्चिम प्रदेश मन्त्रिपरिषदले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "गर्भवती र सुत्केरी अवस्थामा ज्यान जोखिममा परेका महिलालाई हवाई उद्धार गर्ने सम्बन्धि कार्यबिधि, २०७५" रहेको छ।

(२)यो कार्यविधि मन्त्रिपरिषद् बाट पारित भएको मिति देखि लागु हुनेछ।

२. **परिभाषा** :- बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमा;

(क)"गर्भवती" भन्नाले गर्भधारण देखि बच्चा जन्मिनु पूर्व सम्मको अवधिलाई सम्झिनु पर्दछ।

(ख)"ज्यान जोखिममा परेका" भन्नाले गर्भवती तथा सुत्केरी महिला लगातार लामो प्रसव ब्यथा लागेको, बच्चा जन्मन कठीनाई भएको, गर्भमा नै बच्चाको मृत्यु भएको, गर्भ अबस्थामा खुट्टा शरीर सुन्निएको, अधिक रक्त श्राव भएको, रक्त अल्पता भएको, गर्भवती तथा सुत्केरी महिला जसको तत्काल उपचार नगरेमा ज्यान जोखिममा पर्ने अवस्था भएको ब्यक्तिलाई सम्झनु पर्दछ।

(ग)"मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय सम्झनु पर्दछ।

(घ)"सुत्केरी" भन्नाले महिलाले बच्चा जन्माएको अवस्था देखि ४२ दिन भित्रको अवधीलाई सम्झनु पर्दछ।

(ङ) "सचिब" भन्नाले मन्त्रालयको सचिवलाई सम्झनु पर्छ।

(च) "हवाई उद्धार सेवा" भन्नाले ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलालाई नियमित हवाई उडान वा हेलिकप्टरबाट नजिकको सरकारी अस्पताल वा तोकिएको अस्पतालसम्म पुर्याउने कार्यलाई सम्झनु पर्दछ।

३. **हवाई उद्धार सेवा कार्यक्रमको उद्देश्य** : हवाई उद्धार सेवा कार्यक्रमको उद्देश्य देहायबमोजिम हुनेछ ।

(क)गर्भवती तथा सुत्केरी अवस्थामा ज्यान जोखिममा परेका महिलालाई तत्काल उद्धार गरी सम्भावित मृत्यु हुनबाट बचाई सामाजिक, आर्थिकभार न्यूनिकरण गर्ने।

(ख)गर्भवती तथा सुत्केरी महिलाको सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सेवाको प्रत्याभुत गराउने।

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
सामाजिक विकास मन्त्रालय
कैलाली, नेपाल
२०७४

प्रदेश सचिव

४. **हवाई उद्धार सेवा प्रदायक संस्थाको छनोटः** (१)हवाई उद्धार सेवाका लागि मन्त्रालयमा सुचिकृत भएका हवाई सेवा प्रदायक संस्थाहरु मध्येबाट उपलब्धताको आधारमा छनौट गरिनेछ। तर सो सुचिकृत हवाई सेवा प्रदायक संस्था उपलब्ध हुन नसकेमा अन्य उपलब्ध हवाई सेवा प्रदायक संस्थाबाट सेवा लिन बाधा पर्ने छैन ।

(२) हवाई उद्धार सेवा प्रदान गर्दा मितव्ययी ढंगले हवाई सेवा प्रदायक संस्था छनौट गर्नु पर्नेछ ।

५. **हवाई उद्धार सिफारिस सम्बन्धि व्यवस्थाः** हवाई उद्धारका लागि सिफारिस गर्न देहायबमोजिम को ब्यबस्था हुनेछ ।

(१) ज्यान जोखिममा रहेका गर्भवती तथा सुत्केरीलाई हवाई उद्धार गर्नु पर्ने अवस्थामा सेवा प्रदायक स्वास्थ्यकर्मी वा सम्बन्धित स्थानिय तहको प्रमुख प्रशासकीय अधिकृत वा सम्बन्धित स्थानीय प्रहरी कार्यालयले हवाई उद्धारका लागि मन्त्रालयमा सिफारिस गर्नु पर्नेछ।

(२) हवाई उद्धार बाहेक सडक यातायातबाट प्रेषण गरी उपचार सम्भव हुँदाहुँदै र सम्बन्धित स्वास्थ्य संस्थामा नै उपचार सम्भब भएको अवस्थामा हवाई उद्धारको लागि बदनियत पुर्बक सिफारिस गरेको प्रमाणित भएमा सम्बन्धित सिफारिसकर्तालाई मन्त्रालयले कारवाहीको लागि सम्बन्धित निकायमा लेखि पठाउनेछ।

६. **हवाई उद्धार सेवा सम्बन्धी प्रक्रियागत व्यवस्था :** दफा ५ बमोजिम सिफारिस भई आएका गर्भवती तथा सुत्केरीलाई हवाई उद्धार गर्दा देहाय बमोजिमको प्रक्रियागत व्यवस्था अबलम्बन गर्नु पर्ने छ।

(१) मन्त्रालयको सचिबबाट आदेश प्राप्त हुँना साथ सेवा प्रदायक संस्थाले जति सक्दो छिटो आफ्नो हवाई साधन तोकिएको स्थानमा पठाई ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरुलाई तत्काल नजिकको तोकिएको सुबिधा सम्पन्न अस्पतालमा पुर्याउने व्यवस्था गर्नु पर्नेछ।

(२) दफा २ को खण्ड (ख) मा उल्लेखित ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरु बाहेक अन्य व्यक्तिको हकमा यो सेवा उपलब्ध हुने छैन।

तर, हवाई उद्धार सेवा गर्दा कुरुवा तथा रेखदेखको लागि एअर लिफ्टिंग गर्नु पर्ने ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरुको स्वास्थ्य अवस्था हेरी एकाघरका सदस्य वा नजिकका संरक्षक गरी बढीमा दुई जना सम्मलाई साथमा लैजान हवाई सेवा प्रदायकले व्यवस्था गर्नुपर्ने छ।

७. **हवाई उद्धार सेवा प्रदायक संस्थाले पेश गर्नु पर्ने विवरणः** हवाई सेवा प्रदायक संस्थाले हवाई उद्धार सेवा प्रदान गरिसकेपछि मन्त्रालयले दिएको आदेश पत्र, भुक्तानीका लागि निबेदन सहितको बिल मन्त्रालयमा पेश गर्नु पर्ने छ।

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
कैलाली, नेपाल
२०७४

प्रदेश सचिव

८. **अनुगमन, मुल्यांकन तथा प्रतिवेदन :** (१) ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरुलाई हवाई उद्धार सेवा सम्बन्धि कार्यको बिबरण सामाजिक विकास मन्त्रालयको सम्बन्धित महाशाखाले अध्यावधिक गरी सो को बिबरण सार्बजनिक गर्नुपर्ने छ ।

(२) हवाई उद्धार सेवा सम्बन्धि कार्यको आवस्यकता अनुसार सामाजिक बिकास मन्त्रालयले आवधिक समिक्षा, अनुगमन तथा मुल्यांकन गर्नेछ ।

(३) मन्त्रालयले हवाई उद्धार सेवा प्रदायक संस्थाबाट समय समयमा हवाई भाडा समेत अधावधिक गरी राख्नु पर्नेछ ।

९. **विविधः** ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरुको हवाई उद्धार सेवा सम्बन्धी कार्य सम्बन्धमा बाधा अड्काऊ फुकाउने र संसोधन गर्ने अधिकार प्रदेश मन्त्रिपरिषदमा निहित हुनेछ ।

१०. **बचाऊः** यस अघि हवाई उद्धार सेवा प्रदान गरिएका काम कारवाहीहरु यसै कार्यविधि अनुसार भए गरेको मानिने छ।

प्रदेश सचिव

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
सामाजिक विकास मन्त्रालय
कैलाली, नेपाल
२०७४